दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १६६ | बुटवल | २०८२ जेठ २९, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday June.12, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# pv/dfpnf]udL{5Ng ltgfpsf];xf/f



उखरमाउलो गर्मीले वातावरण तातेको छ। केही दिनअघि पूर्वी क्षेत्रमा झुलुक्क देखिएको मनसुन त्यतै अड्किएको छ। पानी नपर्दा तापक्रम ३८ डिग्रीसम्म पुगेको छ। बढ्दो तापक्रमले घरबाहिर निस्कन पनि नसक्ने अवस्था छ। अत्यधिक गर्मी बढेपछि बुटवल र आसपासका पालिकाका मात्र नभई छिमेकी मुलुक भारतको सुनौली, गोरखपुरसम्मका सर्वसाधारण नागरिकहरू बुटवल चिडियाखोलास्थित तिनाउ नदीमा पौडी खेलेर गर्मी छल्ने गरेका छन्। हुने खानेहरु महँगा स्वीमिङ पुलमा जाने गरे पनि सर्वसाधारणहरु भने तिनाउलगायत अन्य खोला, पोखरीहरुमा पुगेर उखरमाउलो गर्मीबाट राहत पाउने गरेका छन्। भारतीयहरु गाडी नै रिजर्भ गरेर दर्जनौंको संख्यामा तिनाउमा पौडी खेल्न आउने गरेका छन्। पौडी खेल्ने क्रममा तिनाउ नदीमा डुबेर हरेक वर्ष मानवीय क्षति हुने गरेको छ। स्थानीय सरकार र सुरक्षा निकायले खोलामा पौडी खेल्ने क्रममा हुन सक्ने दुर्घटना रोक्न ध्यान दिन आवश्यक छ। तस्विरः डीबी टण्डन(विजय)

## पत्रकार दिलभूषणलाई पक्राउ पुर्जी जारी गरेकामा चौतर्फी विरोध



बुटवल। सञ्चारकर्मी दिलभूषण पाठकलाई पक्राउ गर्न पक्राउ पुर्जी जारी गरिएकोमा नेपाल पत्रकार महासंघलगायत पत्रकार सम्बद्ध संघ संस्थाले विरोध जनाएका छन्। पाठकविरुद्ध काठमाडौं जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएको थियो। उनी विरुद्ध विद्युतीय कारोबार ऐन-२०६३ अन्तर्गतको कसुरमा जाहेरी दर्ता भएको हो।

कांग्रेस सभापति शेरबहादुर देउवाका छोरा जयवीर देउवाले नक्सालस्थित हिल्टन होटल खरिद गरेको भन्दै पाठकले आफ्नो युट्युब च्यानलमा टफ टकमा 'टफ एक्स्प्लेनर' सामग्री प्रसारण गरेका थिए। त्यसबारे उनीविरुद्ध साइबर अपराध गरेको उजुरी परेको थियो। हिल्टन होटल शंकर ग्रुपको स्वामित्वमा छ। होटलका प्रबन्ध निर्देशक शाहिल अग्रवाल र व्यापारी दीपक भट्टसँग मिलेर देउवा पुत्र जयबिरले होटल खरिद गरेको समाचारमा उल्लेख थियो।

समाचार सामग्री प्रशारण गरेकै आधारमा सरकारले जबरजस्ती गर्न खोजेको पाठकले गुनासो गरेका छन्। त्यसलाई रोक्न आवश्यक कदम चाल्न सञ्चारसम्बद्ध निकायलाई उनले अनुरोध पनि गरेका छन्।

पाठकले प्रेस काउन्सिल र पत्रकार महासंघलाई 'जानकारी तथा सहयोगको अपेक्षा सहित' इमेलबाट पत्र पठाएका हुन्। प्रहरीको केन्द्रीय साइबर ब्यूरोमा उनीविरुद्ध उजुरीका परेको आधारमा प्रहरीले अदालतबाट पक्राउ अनुमति लिएको थियो। त्यसबारेमा सम्बन्धित निकायले आफूलाई खबर नगरेको पाठकले पत्रमा लेखेका छन्। प्रशारित सामग्रीमा असहमति, गुनासो वा फरक मत भएमा सबैभन्दा पहिला आफूसँग, यसमा पनि चित्त नबुझेमा प्रेस काउन्सिलमा उजुरी गर्नुपर्ने गर्ने वैधानिक बाटो रहेको पाठकले पत्रमा लेखेका छन्।

प्रेस काउन्सिलले अनुसन्धान तथा छानबिन गर्नुपर्ने कानुनी व्यवस्था रहँदा रहँदै विद्युतीय अपराध ऐन आकर्षित गर्न खोजिएको भन्दै पाठकले आपत्ति जनाएका छन्।

'फौजदारी कानुनमार्फत् कारबाही गर्न खोजियो भन्ने कुराले गम्भीर आशंका उब्जाएको छ। त्यसमाथि सम्बन्धित अधिकारीहरूले उजुरी र आरोपका बारेमा कुनै जानकारी नदिने एकैचोटी बलपूर्वक पक्राउ गर्न खोजिनुले आशंकासँगै अनेकन प्रश्न उब्जाएको छ।'- पाठकले पठाएको पत्रमा लेखिएको छ।

» बाँकी ३ पेजमा

## रानीगञ्जमा सार्वजनिक जग्गा अवैधरूपमा बिक्री, संरक्षण गर्न स्थानीयको माग



बुटवल। बुटवल उप-महानगरपालिका वडा नं. १७ रानिगञ्जस्थित जनशक्ति टोल (जनसंघर्ष टोल) ले संरक्षण गर्दै आएको जग्गामा केही व्यक्तिहरूले अनधिकृत रूपमा कब्जा गर्न लागेको भन्दै स्थानीय जनता संरक्षणमा जुटेका छन्।

बिगत लामोसमयदेखि बुद्धको मूर्ति स्थापना गरी कम्पाउण्ड घेरेर राखेको जनशक्ति टोल (जनसंघर्ष टोल ) को संरक्षणमा रहेको जग्गा अर्कै टोल विकास संस्थाको नामबाट खरिदबिक्री भएको कागज देखाउँदै केही व्यक्तिहरूले अनधिकृत रूपमा कब्जा गर्न खोजेको भन्दै स्थानीय जनता संरक्षणमा जुटेको बताएका छन्।

बुद्वको मूर्ति स्थापना गरेर बौद्व धर्मावलम्बीहरूले पुजापाठ गर्ने गरेको कम्पाउण्ड वाल लगाई सुरक्षित गरिएको करिब एक कट्ठा जग्गा हडप्न केही दिन अघि भूमाफियाको ठगीमा परेका दुई महिलासहितको १५/२० जनाको समूहले हुलहुज्जत गरी यो जग्गा हाम्रो हो भन्दै बुद्व मूर्ति तोडफोड गर्ने, त्यहाँ गाडिएका बोर्ड उखेलेर फ्याक्नुका साथै स्थानीयलाई डर धाक धम्की देखाएर आतंकित पार्ने काम गरेको भन्दै सार्वजनिक जग्गाको सुरक्षा र जनताको जिउधनको सुरक्षाको माग गर्दै जिल्ला प्रशासन कार्यालयमा उजुरी समेत दिएको स्थानीयले बताए।

तत्कालीन अवस्थामा श्री ५ को सरकारको नाममा रहेको साविक मोतिपुर गाविस हाल बुटवल उप-महानगरपालिका वडा नं. १७ मा पर्ने कित्ता नं ४७ को जग्गा मध्ये १० बिघा ९ कट्ठा जग्गा केही ब्यक्तिले आफ्नो नाउँमा दर्ता गराउने प्रक्रिया अन्तिम चरणमा पुगेका बेला स्थानीयले अख्तियारमा मुद्दा दिएर सार्वजनिक कायम भएको उक्त जग्गामध्ये ३ बिघा४ कट्ठा जग्गामा हाल ३०० घरधुरीको बसोबास रहेको र एक शिवालय र एक बुद्ध मूर्ति रहेको जनशक्ति टोलअन्तर्गत जनसंघर्ष टोल समितिका उपाध्यक्ष नारायण खड्काले जानकारी दिए।

छुट जग्गा दर्ताको बहानामा केही व्यक्तिले मालपोत र नापी कार्यालयसँगको मिलेमतोमा आफ्नो नाउँमा दर्ता गराउन लागेको उक्त जग्गा सार्वजनिक कायम गराई एउटा टोल विकास संस्थाले संरक्षण गर्दै आएको जग्गा अर्कै टोलको नाउबाट बिक्री वितरण गर्नु आफैंमा गैरकानुनी भएको समितिसचिव लक्ष्मी केसीले बताइन्।

सार्वजनिक जग्गा अनधिकृत रूपमा कसरी बिक्री वितरण भयो भन्ने विषयमा स्वतन्त्र र निस्पक्ष छानबिन गरि दोषी उपर कानुनी कारबाही गर्नुपर्ने स्थानीय दिवाकर पौडेलले बताए।

समितिका सल्लाहकार कृष्ण नेपालीले पनि सार्वजनिक मठ मन्दिर अनधिकृत रूपमा व्यक्तिले कब्जा गर्न खोज्नु कुनै पनि किसिमले जायज नभएको बताए। मूर्ति तोडफोड गर्नेविरूद्ध कानुनी कारबाही गर्नुपर्नेमा उनले जोड दिए।



## सम्पादकीय

# पूर्वविशिष्टलाई सुविधा नबढाऊ

सरकारले पूर्व विशिष्ट पदाधिकारीलाई कानुन बिना दिँदै आएको सुविधामा नयाँ सुविधासमेत थपेर कानुन बनाउन लागेको छ। हाल पाउँदै आएको सुविधा नै बढी र अनावश्यक भयो भन्दै जनस्तरबाट चर्को आलोचना भइरहेका बेला गृह मन्त्रालयले जनभावना कुल्चेर नयाँ सुविधा थप्दै विधेयक बनाउनु आपत्तिजनक छ। गृह मन्त्रालयले तयार पारेको 'पूर्वविशिष्ट पदाधिकारीको सुविधासम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा'मा उनीहरूले हाल खाइपाई आएको सुविधा बढाइएको छ। गृहले राय-सुझावका लागि अर्थ मन्त्रालयमा पठाएको मस्यौदामा उनीहरूलाई मासिक वृत्ति, घरभाडा, गाडी, कर्मचारीलगायतका सुविधा उपलब्ध गराउने उल्लेख छ। पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वप्रधानन्यायाधीश, पूर्वसभामुख र राष्ट्रिय सभाका पूर्वअध्यक्षलाई राज्यले पूर्वविशिष्ट पदाधिकारीको श्रेणीमा राखेको छ।

पूर्वराष्ट्रपतिद्वय डा. रामवरण यादव र विद्या भण्डारीले हाल मासिक ५० हजार भत्ता बुझ्दै आएकामा प्रस्तावित मस्यौदामा एक लाख पुर्‍याइएको छ। संसद्को सुशासन तथा अनुगमन समितिले विधेयक अध्ययन गरी सुझावसहितको प्रतिवेदन तयार पारेको थियो। सुझाव समावेश गरी विधेयक प्रस्ताव गर्न निर्देशनसमेत दिएको थियो। तर, उक्त विधेयक संसद्बाट फिर्ता भएपछि सरकारले मन्त्रिपरिषद् निर्णयकै आधारमा पूर्वविशिष्ट पदाधिकारीलाई सेवासुविधा दिँदै आएको छ। सरकारले १० फागुन ०७३ मा फेरि संसदमा यस्तो विधेयक दर्ता गरे पनि अघि बढ्न सकेको थिएन।

अहिले तयार पारिएको विधेयकको मस्यौदामा पूर्वराष्ट्रपतिको घरभाडा मासिक दुई लाखसम्म तोकिएको छ। पूर्वराष्ट्रपति डा. यादव हाल मासिक एक लाख ९२ हजार तिरेर भाडाको घरमा बस्दै आएका छन्, जुन गृह मन्त्रालयले तिर्छ। काठमाडौँमा आफ्नै घर भए पनि सानो भएको कारण देखाउँदै उनी भाडाको घरमा बसेका हुन्। पूर्वराष्ट्रपति भण्डारी भने छोरीको घरमा बस्दै आएकी छिन्। उनले सरकारबाट घरभाडा लिएकी छैनन्, तर सुरक्षाकर्मीका लागि भने घर भाडामा लिएकी छिन्। जबकि सुरक्षाकर्मीका लागि छुट्टै घरभाडा तिर्न मिल्ने प्रावधान छैन। त्यसैले, उक्त घरलाई राष्ट्रपतिकै आवासका रूपमा व्याख्या गरी सरकारले मासिक एक लाख भुक्तानी गर्दै आएको छ। पूर्वराष्ट्रपतिलाई ०७३ को प्रस्तावित विधेयकमा उप-सचिवस्तरको एक स्वकीय सचिव, एक कार्यालय सहयोगी र एक सवारीचालकको सुविधा तोकिएको थियो। नयाँ विधेयकको मस्यौदामा पनि यही राखिएको छ। पूर्वराष्ट्रपतिद्वय यादव र भण्डारीले सरकारबाट हाल यसैअनुसार सुविधा पाइरहेका छन्। तीनै कर्मचारीको तलब सुविधा गृह मन्त्रालयले उपलब्ध गराउँदै आएको छ।

पूर्वउपराष्ट्रपतिलाई सरकारले हाल गाडी र चालकको सुविधा मात्रै दिँदै आएको छ। अन्य सुविधा छैन। तर, प्रस्तावित विधेयकको मस्यौदामा मासिक ७० हजार भत्ता तोकिएको छ। त्यस्तै, काठमाडौं वा प्रदेश राजधानीमा घर नहुने उपराष्ट्रपतिलाई राष्ट्रपतिलाई बराबर अर्थात् मासिक बढीमा दुई लाख घरभाडा उपलब्ध गराउने उल्लेख छ। यदि काठमाडौं र प्रदेश राजधानीमा घर छ भने मर्मतका नाममा वार्षिक दुई लाख दिने प्रस्तावसमेत छ। त्यसबाहेक सवारी मर्मतका लागि वार्षिक दुई लाख, इन्धनबापत मासिक १५० लिटर पेट्रोल वा डिजेल र त्रैमासिक रूपमा मोबिल ५ लिटर दिने प्रस्ताव छ। त्यस्तै, एकजना कार्यालय सहयोगी उपलब्ध गराउने पनि उल्लेख छ। पत्रपत्रिकाका लागि मासिक तीन हजार र अन्य शीर्षकमा बिलबमोजिम दिने प्रस्ताव पनि छ। हालसम्म पूर्वउपराष्ट्रपतिमा परमानन्द झा र नन्दबहादुर पुन छन्।

सर्वोच्च अदालतले २२ मंसिर ०६८ मा कानुन बनाएर मात्र पूर्वविशिष्टलाई सुविधा दिन सरकारको नाममा परमादेश दिएको थियो। तर, सर्वोच्चकै पूर्वप्रधानन्यायाधीशदेखि पूर्वसभामुख, पूर्वप्रधानमन्त्रीले समेत कानुनविना मन्त्रिपरिषद्को निर्णयका आधारमा सुविधा लिँदै आएका छन्। पूर्वप्रधानमन्त्रीद्वय झलनाथ खनाल र डा. बाबुराम भट्टराई तथा मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मीले गृह मन्त्रालयबाट गाडी सुविधा लिएका छन्।

त्यस्तै, केही पूर्वसभामुख र राष्ट्रियसभाका पूर्वअध्यक्षले पनि राज्यको गाडी सुविधा प्रयोग गरिरहेका छन्। सर्वोच्च अदालतका सबै पूर्वप्रधानन्यायाधीशले कानुनविना नै सर्वोच्चबाटै सरकारी गाडी नै प्रयोग गर्दै आएका छन्। यी पदाधिकारीहरूका लागि नयाँ विधेयकको मस्यौदामा पनि एकपटकका लागि सवारीसाधन उपलब्ध गराउने उल्लेख छ। सवारी मर्मतका लागि वार्षिक दुई लाख, इन्धनमा मासिक १५० लिटर पेट्रोल वा डिजेल र त्रैमासिक पाँच लिटर मोबिल दिने प्रस्ताव छ। त्यस्तै, मासिक वृत्ति नदिने उल्लेख गरिएकामा काठमाडौं वा प्रदेश राजधानीमा घर नहुनेहरूलाई मासिक बढीमा दुई लाख घरभाडा र घर हुनेलाई भने वार्षिक दुई लाख मर्मत शीर्षकमा दिने प्रस्ताव छ। त्यसैगरी कार्यालय सहयोगी र सवारीचालक पनि दिने विधेयकको मस्यौदामा उल्लेख छ।

०७५ मा गठन भएको सार्वजनिक खर्च पुनरावलोकन आयोगले सार्वजनिक वित्तमा संकट रहेको अवस्थामा झन् व्ययभार थप्नेगरी पूर्वविशिष्ट पदाधिकारीलाई सुविधा दिनु गलत हुने प्रतिवेदन दिएको थियो। तर सरकारले आयागको समेत सुझावलाई बेवास्ता गरी राज्यलाई दीर्घकालसम्म वर्षेनी अर्ब बढी भार पर्ने गरी सुविधा बढाउने कानुन बनाउनु जनभावना विपरीत छ। यस्तो विधेयकमा व्यापक छलफल गरिनुपर्छ। त्यसै पनि विभिन्न बहानामा पूर्वविशिष्टहरूले सुविधा लिइरहेकै छन्। सरकारले सार्वजनिक खर्चमा मितव्ययिता अपनाउनुपर्ने संकटको अवस्था छ। यस्तो अप्ठ्यारो बेलामा झन् व्ययभार थप हुने गरी पूर्वविशिष्ट पदाधिकारीहरूलाई सुविधा दिने तयारी तुरुन्त रोक्नुपर्छ।

# बढ्दो मानसिक रोग र योग प्रशिक्षकको भविष्य



डी.आर. घिमिरे

> त्यसैले आवश्यकता के हो भने जसरी महिला स्वयंसेवी नियुक्त गरेर महिलाका कैयौं समस्याको समाधान भएको छ, त्यसरीनै अवका दिनमा योग प्रशिक्षक हरेक टोलटोलमा राख्ने प्रबन्ध गर्ने र नियमित योग, ध्यान, प्राणायाम गर्ने गराउने व्यवस्था गर्नुपर्छ। स्वास्थ्य बिमा असफल हुँदै गरेको अवस्थामा यसतर्फ स्थानीय सरकारको ध्यान जान सक्यो भने बिरामीको संख्या घटेर अलिक सहज अवस्था आउन सक्छ।

विश्व स्वास्थ्य संगठन (डब्लु एच ओ) का अनुसार संसारमा लगभग १ अरब मानिस मानसिक रोगबाट पीडित छन्। यसबाहेक डिप्रेसन, एन्जाइटी, बाइपोलर, सिजोफ्रेनियाजस्ता रोगबाट पनि उत्तिकै पीडित छन्। सन् २०२५ को तथ्याङ्कअनुसार, संसारभरि डिप्रेसन र मानसिक रोग व्यापक रूपमा फैलिएका छन्। डिप्रेसनबाट लगभग २८० मिलियन मानिस अर्थात् विश्व जनसंख्याको करिब ३.८ प्रतिशत पीडित छन् भने यसमा महिलाहरूको संख्या पुरुषहरूभन्दा करिब ५० प्रतिशत बढी छ। यसमध्ये डिप्रेसन र एन्जाइटीका कारण हरेक वर्ष करिब १२ अर्ब मानिसको कार्य क्षमता हराएको छ। जसका कारण वार्षिक ४१ ट्रिलियन भन्दा बढी आर्थिक नोक्सानी पुगेको अनुमान गरिन्छ। साथै मानसिक रोगका कारण संसारभरि हरेक ४० सेकेन्डमा एक जनाले आत्महत्या गर्छन्।

हुन पनि आत्महत्या मानसिक रोगको प्रमुख कारणनै हो। अर्को तथ्य अनुसार ७५ प्रतिशत मानसिक रोगी विकासशील देशमा बस्छन्। यसको अर्थ विकसित देशमा यो समस्या नभएको हैन। बढ्दो क्रममा छ। तर विकासशील देशमा ज्यादा छ। यसरी मानसिक समस्या बढ्नुका कारण धेरै होलान् तर डिजिटल लतलाई प्रमुख रुपमा लिन थालिएको छ। त्यसबाहेक शहरीकरण, प्रतिस्पर्धा र व्यस्त जीवनशैलीले सामाजिक सम्बन्ध कमजोर बनाएर झेल्नु परेको तनाव र एक्लोपन, बेरोजगारी, ऋण र आर्थिक असुरक्षा, मादक पदार्थ र लागू औषध हुन्।

आधुनिक जीवनशैलीका नाममा अनियमित खानपान, निद्राको अभाव, शारीरिक निष्क्रियता पनि अर्को पक्ष हो। खानपानमा आएको परिवर्तनलाई नरोक्ने हो भने मानसिक हैन, अरु गंभीर स्वास्थ्य समस्याको पनि सामना गर्नुपर्ने छ। स्वास्थ्यका लागि रातको निद्रा अत्यन्तै महत्वपूर्ण पक्ष हो तर आजभोलि रातमा मोबाइलले भुलाएको छ र बिहान ९ बजेसम्म सुत्ने क्रम बढेको छ। यो शारीरिक हिसाबले रोग निम्त्याउने मुख्य कारण बन्दै गएको छ।

बालबालिकालाई पनि स्क्रिनको लत लागेर खान, सुत्न, आफूलाई डिष्टर्व नगर्ने बनाउन प्रायः मोबाइल, टेलिभिजन, ट्याब, कम्प्युटर जस्ता इलेक्ट्रोनिक्स डिभाइसको अगाडि राख्ने गरिन्छ। यसो गर्दा उनीहरुलाई स्क्रिनको लत लागेर एकलकाँटे, रिसाहा, डरपोक, एकोहोरिने, परिवार तथा समाजसँग घुलमिल नहुने, अन्य बालबालिकासँग मित्रता नगाँस्ने, शारीरिक गतिविधिमा जाँगर नलाग्नेजस्ता समस्या उत्पन्न भइरहेका छन्। जसलाई डिजिटल अटिजम भन्ने गरिन्छ।

हुनपनि विश्व स्वास्थ्य संगठनको निर्देशिकामा एक वर्षमुनिका बालबालिकालाई मोबाइल, टेलिभिजन, ट्याब, कम्प्युटर जस्ता इलेक्ट्रोनिक्स डिभाइसको अगाडि राख्न नहुने र दुईदेखि पाँच वर्षका बालबालिकाको स्क्रिन टाइम एक घण्टामा सीमित गर्नुपर्ने भनिएको छ। भनिन्छ- डिजिटल अटिजम हुनु भनेको सिक्ने क्षमता कम हुनु हो र आँखा सुक्खा र रातो हुने समस्या पनि यस्तै कारणले हुने गर्छ। यसैले अनुसन्धानकर्ताहरु भरसक पन्ध्र वर्ष भन्दा कम उमेरका बालबालिकाले मोबाइल फोन चलाउनु हुँदैन भन्छन्। मोवाइलले मस्तिष्कमा रेडियसनको नराम्रो प्रभाव पर्छ। जसका कारण बालबालिकामा मस्तिष्कको क्यान्सर हुने गरेको छ।

यद्यपि यो कुरा सवैका लागि लागु हुन्छ। यूकेको एक अध्ययनअनुसार बिहान उठ्दासाथ मोवाइल प्रयोग गर्नेको तनाब तथा चिन्ता बढ्ने गर्छ। त्यस्तै पाइन्टको खल्तीमा मोबाइल राख्दा प्रजनन् क्षमता घट्छ र मुटु नजिक राख्दा मुटुको धड्कनलाई प्रभाव पार्छ। गर्भवती महिलाले प्रयोग गर्दा बच्चामा इलेक्ट्रोम्याग्नेटिक रेडियसनले असर गर्छ। त्यसैले उमेर पुगेकाहरु पनि मोबाइल वा इलेक्ट्रोनिक्स डिभाइसको प्रयोग कमभन्दा कम गर्नुपर्छ।

यस्ता सबैखाले समस्याको समाधानका लागि योग, ध्यान, प्राणायाम गर्न आवश्यक छ। आजभोलि यी सवै प्रक्रियाको जागरण आएको छ। बुटवलकै कुरा गर्दा वडै पिच्छे यस्ता क्रियाकलापहरु हुने गरेका छन्। सरकारले ल्याउने बजेटमा यी र यस्ता कामका लागि बजेट बिनियोजन गरेको पाइदैन। यो वर्ष पनि प्रायः भौतिक निर्माणकै लागि ठूला ठूला बजेट विनियोजित छन्। हो संरचना सरकारलेनै गर्नुपर्छ र निजी क्षेत्रले रोजगारी सृजना गर्छ। सामान्य अवस्थामा हुने यही हो। तर मुलुक असामान्य अवस्थामा छ। नागरिकमा असन्तोष छ। उत्पादन गरेर हैन किनेर खाने प्रवृत्ति बढेको छ। त्यसैले यो बेलामा सरकारले उद्वार गर्नुपर्छ।

एउटा सानो उदाहरणः देशभरी अस्पतालहरु बनेका छन्। बन्नुपर्छ। तर अस्पतालमात्र स्वास्थ्य समस्याको समाधान हैन। आजकल मानिस प्रायः जीउन नजानेर रोगी हुने गरेका छन्। भनिन्छ जीउने कलाले ७० प्रतिशत स्वास्थ्य समस्याको समाधान हुन्छ। जसलाई "प्रिवेन्टिव हेल्थकेयर" (रोगप्रतिरोधक स्वास्थ्य चिन्तन) भनिन्छ। जो योग, ध्यान, प्राणायाम र खानपानमार्फत् प्रयोगमा ल्याउन सकिन्छ। खासमा यतिले मात्र पनि स्वास्थ्यमा क्रान्ति हुन्छ। योगले शरीरलाई लचिलो, सन्तुलित रक्तसञ्चार र स्नायु प्रणालीमा मद्दत गर्छ। ध्यानले तनाव घटाउँछ र मानसिक सन्तुलन ल्याउँछ। जो आजका दिनमा भयानक खतराको विषय बनेको छ। प्राणायामले फोक्सो र हृदयलाई सुधार्छ।

शुरुमै मैले केही मानसिक रोगको तथ्यांक प्रस्तुत गरेको छु। जुन समस्याको लागि नियमित योग, ध्यान, व्यायाम, पर्याप्त निद्रा, सन्तुलित आहार र सकारात्मक सोच अपनाउने हो भने धेरै हदसम्म समाधान हुन्छ। रोग लागि सकेका लागि पनि मनोपरामर्श, पेशागत, कानुनी र पारिवारिक परामर्श सेवा नै उपचारको उपाय हो। जसका लागि योग, प्राणायाम र आहार-विहारलाई सँगसँगै लैजान जरुरी छ। डब्लु एच ओ र अन्य अध्ययनहरूले सन् २०३० सम्ममा मानसिक रोगहरू विश्वव्यापी महामारी बनेर आउने अनुमान गरेका छन्। यो भविष्यवाणीलाई तयारीका रुपमा लिने हो भने अवसरका रुपमा लिन सकिन्छ। यो अवसरलाई अन्तर्राष्ट्रिय मुद्रा आर्जन गर्ने माध्यम बनाउन सकिन्छ। नेपालका एकजना वरिष्ठ आयुर्वेद चिकित्सकका अनुसार लुम्बिनी प्रदेशमा अल्जाइमर (बिर्सने रोग) निको हुने जडीबुटी अत्यधिक पाइन्छ। विश्वव्यापी रुपमा क्यान्सरभन्दा भयानक समस्याका रुपमा देखा परेको अल्जाइमरको उपचार केन्द्र भैरहवाजस्तो अन्तर्राष्ट्रिय विमानस्थल भएको ठाउँमा बनाउने हो भने नेपालको ऋण तिर्न धेरै वर्ष लाग्दैन। विडम्वना यस्ता कुरालाई हावामा उडाएर ठट्टाको विषय बनाइन्छ। मेरो विचारमा मानसिक रोगको उपचारमा योग र ध्यानलाई बनाएर प्रचार प्रसार गर्दा नेपालको जनशक्ति निर्यात हुन सक्छ र विदेशीका लागि उपचार गर्ने थलो बन्न सक्छ।

यस अर्थमा हरेक पालिकाहरुले गाउँ गाउँमा र टोलटोलमा यस्ता योगशालाहरु बनाउन ढिला गर्नु हुँदैन। सार्वजनिक भवनलाई यस्ता काममा उपयोग गर्न सकिन्छ। स्वास्थ्य क्षेत्रमा गर्ने लगानीलाई अस्पताल बनाउने अर्थमा मात्र बुझ्नु हुँदैन। पार्कहरुमा टहल्ने र बिहान साँझ योग ध्यान गर्ने कामलाई सस्कृतिका रुपमा विकास गर्न समाजका अगुवाहरु लाग्नुपर्छ।

आजभोलि योग गरेर निको भएका वा रोगलाई नियन्त्रण गर्नेको संख्या अत्यधिक छ। यसलाई पनि हरेक पालिकाहरुले अध्ययनको विषय बनाउन जरुरी छ। प्रायः पालिकाहरुमा भौतिक पूर्वाधारका लागि ठूलो रकम खर्चेर गुरुयोजना बनाउने काम व्यापक रुपमा हुने गरेका छन्। ती गुरुयोजना बनाएर कति काम भए वा कति दराजमा थन्किएका होलान्? यसको खोजी गर्दा नै थाहा होला तर आजसम्म स्वास्थ्यवारे कसैले पनि अध्ययन गरेको पाइदैन। अर्को कुरा गुरुयोजनाहरु बनाउँदा हरेक पालिकाले अत्यावश्यक भए मात्र बनाउने र त्यसलाई कार्यान्वयनमा लैजाने गरी बनाउन जरुरी छ। गुरुयोजना बनाएका भरमा यति काम गरें भनेर नाक फुलाउनुको खासै अर्थ छैन। आजभोलि धेरैले के कुरा वुझेका छन् भने गुरुयोजनाको काम कमिशन हो। हुन पनि गुरुयोजनाको लागतमा एकरुपता हुँदैन र छैन पनि। यसका मापन गर्नु आफैमा कठिन काम पनि हो।

विकसित देशमा स्वास्थ्यका बिषयमा पर्याप्त अनुसन्धान भएका छन्। संयुक्त राज्य अमेरिकामा १९७६ देखि हालसम्म दीर्घकालिन रोगहरु मुटु रोग, क्यान्सर, मधुमेह आदिको लागि १ लाखभन्दा बढी नर्सहरूमा उनीहरुको स्वास्थ्य, जीवनशैली र रोगका सम्बन्धमा अध्ययन गरिएको छ भने १९४८ देखि हालसम्म हृदय रोगको जोखिमका कारकहरूको अध्ययन गरिएको पाइन्छ।

बेलायतमा ५ लाखभन्दा बढी मानिसका आनुवांशिक, जीवनशैली र स्वास्थ्य विवरण सङ्कलन गरिने परियोजनाबाट दीर्घकालीन रोग, मानसिक स्वास्थ्य, पोषण आदिको अध्ययन हुँदै आएको छ। जापानमा पोषण, धूम्रपान, मदिरा सेवन र शारीरिक गतिविधि जस्ता कारकको विश्लेषण गरी वृद्ध व्यक्तिहरूको जीवनशैली र मृत्यु दरबिचको सम्बन्धबारे नतिजा निकाल्ने गरिन्छ।

अस्ट्रेलियामा २ लाखभन्दा बढीलाई सहभागी गराई मधुमेह, मुटु रोग, मानसिक स्वास्थ्यको अवस्थाबारे डेटा सङ्कलन र अध्ययन गरिँदै आएको पाइन्छ। छिमेकी मुलुक भारतमा ६० वर्षभन्दा माथिको जनसंख्यामा आधारित भई स्वास्थ्य, आर्थिक अवस्था र सामाजिक कारकहरूको अध्ययनगरी मधुमेह र जीवनशैली रोगको अध्ययन गरेको पाइन्छ।

तर हामीकहाँ गर्न चाहेर पनि बेवास्ता गरिन्छ। ज्येष्ठ नागरिकको संख्या बढिरहेको अवस्थामा यस्ता गतिविधिलाई प्राथमिकता नदिने हो भने अस्पताल खोलेर रोगमुक्त बनाउन सकिँदैन। त्यसैले आवश्यकता के हो भने जसरी महिला स्वयंसेवी नियुक्त गरेर महिलाका कैयौं समस्याको समाधान भएको छ, त्यसरीनै अवका दिनमा योग प्रशिक्षक हरेक टोलटोलमा राख्ने प्रबन्ध गर्ने र नियमित योग, ध्यान, प्राणायाम गर्ने गराउने व्यवस्था गर्नुपर्छ। स्वास्थ्य विमा असफल हुँदै गरेको अवस्थामा यसतर्फ स्थानीय सरकारको ध्यान जान सक्यो भने बिरामीको संख्या घटेर अलिक सहज अवस्था आउन सक्छ।

# नेप्से १३ दशमलव ६९ अङ्कले घट्यो



काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बुधबार दोहोरो अङ्कको गिरावट देखिएको छ। नेप्से परिसूचक १३ दशमलव ६९ अङ्कले घटेर दुई हजार ६६४ दशमलव ४७ को विन्दुमा कायम भएको हो।

तीन सय सात कम्पनीको दुई करोड २० लाख ७५ हजार ७६९ कित्ता शेयर ८१ हजार ७०३ पटक खरिदबिक्री हुँदा रु नौ अर्ब ९० करोड ७० लाख पाँच हजार ५७५ दशमलव शून्य आठको कारोबार भएको छ। जलविद्युत् समूह एक दशमलव १३ प्रतिशतले बढेको छभने अरु सबै समूहको उपसूचक घटेका छन्।

कारोबारमा बुटवल पावर कम्पनी लिमिटेड, प्युअर इनर्जी लिमिटेड र सिनर्जी पावर डेभलपमेन्ट लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य सबैभन्दा बढी पाँच दशमलव ८९ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा राधी विद्युत् कम्पनी लिमिटेडको सबैभन्दा बढी रु ६१ करोड ५७ लाख १७ हजार १४४ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड प्रमोटरको सबैभन्दा बढी १० लाख ८९ हजार ५४८ कित्ता शेयर खरिदबिक्री भएको छ।

# गर्मीमा स्वस्थ रहन अपनाउनुपर्ने उपाय

अहिले देशभर मौसम परिवर्तनसँगै गर्मी बढेको छ। अत्यधिक तापक्रम, धुलो, धुवाँ र प्रदूषित वातावरणको कारण गर्मीयाममा स्वास्थ्यमा नकरात्मक असर पर्ने गर्छ। गर्मी बढेसँगै अहिले खासगरी छालासँग सम्बन्धित समस्याहरु, भाइरल ज्वरो, रुघाखोकी, टाइफाइड ज्वरो, पेट दुख्ने, झाडापखाला, बान्ता हुने, फुड पोइजन जस्ता स्वास्थ्य समस्या बढेका छन्। प्रायःजसो यस्ता समस्याहरु अस्वस्थ्यकर खानपान र बानीव्यहोराका कारण हुनेगर्छ। कहिलेकाहीँ सामान्य जस्तो लागेर बेवास्ता गर्दा यस्ता समस्याले ज्यानै खतरामा पुर्‍याउन सक्छ। यी समस्याबाट बच्न निम्न सावधानी अपनाउनु जरुरी देखिन्छ।



**१. हाइड्रेसन मेन्टेन अनिवार्य**

उमालेर सेलाएको शुद्ध पानी प्रशस्त पिउनुहोस्। कोल्ड ड्रिक्सलाई सकेसम्म त्याग्नुस्। यसले शरीरमा झनै डिहाइड्रेसन गराउँछ। घरमा, काममा वा अफिसमा पानी पिउन कन्जुस्याइ नगर्नुहोस्। लस्सी, मही तथा सन्तुलित सर्वत पानी पिउनु पनि उपयोगी हुन्छ, तर स्वास्थ्यकर हुनुपर्‍यो।

**२. जंक फुड त्याग्नुस्**

जंक फुड प्रायः सबै मौसममा हानिकारक नै हुन्छ। झन् गर्मीमा जंक फुड त टाइफाइड ज्वरो, पेट दुख्ने, झाडापखाला, बान्ता हुने, फुड पोइजन जस्ता मौसमी सरुवा रोगको प्रमुख कारण नै हो। खानेकुराको सवालमा कुरा गर्दा खाना स्वास्थ्यकर, सफा र यसको भण्डारण पनि स्वस्थकर ढंगबाट भएको हुनुपर्छ। रोगी, बालबालिका र वृद्धहरुको रोगप्रतिरक्षा शक्ति कमी हुने भएकोले यस्ता खानाको प्रयोगले तिनीहरु झनै पीडित हुन्छन्।

**३. स्किन केयर गर्नुस्**

उच्च वातावरणीय ताप र घामबाट बच्न छाताको प्रयोगसँगै हातखुट्टा ढाक्नेगरी कटनको खासगरी सेतो रङ्गको कपडा प्रयाग गर्नुहोस्। बाहिर हिँड्डुल गर्दा सन ग्लास प्रयोग गर्नुस्। चिकित्सकको सल्लाहअनुसार एन्टी सन प्रोटेक्सन क्रिमको प्रयोग गर्नुहोस्। याद गर्नुस्, बजार, फार्मेसी वा व्युटी पार्लरमा पाइने यस्ता क्रिम विना स्किन टेस्ट प्रयोग गर्नु हुँदैन। किनभने यस्ता क्रिमले छालामा एलर्जिक रिएक्सन गरी कुरुप पनि बनाउन सक्छन्।

**४. स्वास्थ्यकर खानेकुरा खानुहोस्**

सिजनेवल सागसब्जी, प्रशस्त फलफूल र झोलिलो खानेकुरा खानेकुरा खानुहोस्। चुरोट र मदिरा सेवनकर्ताको ज्यान गर्मीमा झनै जोखिममा हुन्छ।

**५. घर तथा वातावरणीय सरसफाइ अनियार्य**

अहिले देशैभरि डेंगु ज्वरोको प्रकोप बढेको अवस्था छ। घर वरिपरि सफा गर्न आवश्यक छ। लामखुट्टे र सर्पको टोकाइबाट बच्न वातावरण सफाइ गर्नुपर्छ। डेंगु गराउने लामखुट्टेले दिउँसो टोक्ने हुनाले लामखुट्टेको टोकाइबाट सधैं बच्नुपर्छ। साथै घरभित्र पानी जम्न दिनु हुँदैन।

स्वास्थ्य खबरबाट



नवलपुरको फाँटमा झुलेको चैते धान

नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैँडाकोट-१२ हर्कपुरको फाँटमा झुलेको चैते धान । पछिल्लो समय नवलपुरका किसानहरु चैते धान खेतीतर्फ आकर्षित हुँदै गएका छन् । तस्बिर : टेकराज पोखरेल/रासस

# गुल्मीमा गाईपालक किसानलाई प्रसूति भत्ता



गुल्मी । मदाने गाउँपालिकामा गाईपालक किसानलाई प्रसूति भत्ता वितरण गरिएको छ । वडा नं. १ अन्तर्गत अग्लुङ्मा स्थानीय जातको रैथाने गाईपालन गर्ने किसानलाई प्रसूति स्याहार भत्ता वितरण गरिएको वडाध्यक्ष सुशिल चन्दले जानकारी दिए ।

गाउँपालिकाले अग्लुङ्का ३० गाईपालक किसानलाई जनही रु दुई हजार ५०० का दरले उक्त प्रसूति स्याहार भत्ता उपलब्ध गराएको हो । पछिल्लो समयमा बसाइँसराइका कारण गाउँबाट मानिसहरु विस्थापित हुँदै जान थालेसँगै स्थानीय जातका गाई लोप भइरहेको अवस्थामा किसानलाई गाईपालनमा प्रोत्साहन गर्ने उद्देश्य पालिकाले उक्त प्रसूति भत्ता उपलब्ध गराएको अध्यक्ष चन्दले बताए ।

गाउँमा चाड पर्व तथा तिथि सरादजस्ता धार्मिक कार्यका लागि स्थानीय जातको गाईको दूध, गहुँत र गोबर पाउन समस्या भएका कारण गाउँपालिका रैथाने गाईको संक्षणमा जुट्न थालेको हो । यसरी भत्ता उपलब्ध गराएसँगै त्यस क्षेत्रका गाईपालक किसान पनि थप उत्साहित बनेका छन्

# पश्चिम नेपालका क्यान्सरका बिरामीलाई नजिकै उपचार सेवा

राँझा (बाँके) । बाँकेको खजुरा गाउँपालिका-७ मा रहेको सुशील कोइराला प्रखर क्यान्सर अस्पतालले सेवा विस्तार गरेसँगै उपचारका लागि आउने बिरामीको चाप बढ्दै गएको छ।

अस्पतालले सेवा विस्तार गरेसँगै अब पश्चिम नेपालका जनतालाई क्यान्सरको उपचारका लागि भरतपुर क्यान्सर अस्पताल चितवन र सङ्घीय राजधानी काठमाडौँ पुग्नुपर्ने बाध्यताको अन्त्य भएको सुशील कोइराला प्रखर क्यान्सर अस्पताल व्यवस्थापन समितिका अध्यक्ष टेकेन्द्र मल्लले बताए ।

"अस्पतालमा सेवा विस्तारसँगै विभाग थपिएका छन्, बिरामीको चाप बढ्दो छ, अहिले यहाँका बिरामीमा ५० प्रतिशत क्यान्सर र ५० प्रतिशत अन्य रोगका छन्", मल्लले भने-"हामी कहाँ अहिले गम्भीर प्रकृतिका बाहेक क्यान्सरका सबैखाले अप्रेशन र उपचार हुने भएकाले पश्चिम नेपालका क्यान्सर पीडित बिरामीले घर नजिकै उपचार सेवा पाएका छन् ।"

अध्यक्ष मल्लले सीमित स्रोत साधनबाट अस्पतालमा बिरामीलाई अधिकतम सेवा प्रवाह गर्दै आएको उल्लेख गरे । आफू अस्पताल व्यवस्थापन समिति नेतृत्वमा आएपछि अस्पतालमा अक्सिजन प्लान्ट, रक्त सञ्चार केन्द्र स्थापना, १५ श्ययाको डेकेयर, प्रयोगशाला र फार्मेसी भवन निर्माण, ५५ शैयूयाबाट ९५ शैयूयामा विस्तार, कर्मचारी बस र बिरामी बोक्ने एम्बुलेन्स खरिदलगायतका कार्य गरेको जानकारी दिए ।

उनले सरकारी उपेक्षाका कारण हालसम्म अस्पतालमा स्थायी दरबन्दी कायम नगरेको उल्लेख गर्दै अस्थायी, करार र ज्यालादारी कर्मचारीबाट सेवा प्रवाह हुँदै आएको बताए । अस्पतालमा जनशक्तिका लागि स्थायी दरबन्दी र पूर्वाधार विकासका लागि सरकारले ध्यान दिन सके अझ सेवा प्रभावकारी र सहज हुने उनको भनाइ छ ।

"अस्पतालमा अहिले क्यान्सरका बिरामीलाई किमोथेरापी सेवा सञ्चालनमा भए पनि बिरामीलाई श्यया छैन, कर्मचारीका लागि आवासको व्यवस्था छैन", अध्यक्ष मल्लले भने-"अस्पतालको पूर्वाधार विकास र जनशक्तिको स्थायी दरबन्दीका लागि पटक पटक सरकारसँग माग गर्दै आए पनि सुनुवाइ हुन सकेको छैन ।"

क्यान्सर अस्पतालमा हालसम्म उपचारका लागि आएका एक लाख ४३ हजार ३३४ बिरामीमध्ये ५२ हजार ७९३ जनामा क्यान्सर रोग पुष्टि भएको अस्पतालका निमित्त कार्यकारी निर्देशक डा.ज्वलन्त पौडेलले जानकारी दिए ।

उनका अनुसार चालु आर्थिक वर्षमा २०८१ साउनदेखि हालसम्म ३२ हजार ९०३ बिरामीले उपचार सेवा लिइरहेका छन् । यसमा एघार हजार ३१९ जना नयाँ बिरामी रहेका थिए । क्यान्सरको विशेषज्ञ सेवासमेत प्रवाह हुन थालेपछि खजुरामा बिरामीको चाप बढेको उनको भनाइ छ । हाल अस्पतालले अत्याधुनिक उपकरणसहितका आइसियू, इमरजेन्सी, शल्यक्रिया, किमोथेरापी, ब्राकीथेरापी, सिटी स्क्यान, म्यामोग्राफी, भिडियो एक्स-रे, रेडियोथेरापी सेवा प्रवाह गर्दै आएको छ ।

खजुरामा ब्राकीथेरापी मेसिन जडान गरेर शल्यक्रियाको समेत सेवा विस्तार गरेपछि चितवन र काठमाडौँबाट समेत बिरामी आउन थालेको पाइएको छ । नयाँ प्रविधिको प्रयोग गरेर विशेषज्ञ चिकित्सकले क्यान्सरका बिरामीलाई आवश्यक सबै खाले सेवा खजुरामै पाएपछि पश्चिम नेपालका जनताको समय र पैसा बचेकाले हरेक किसिमबाट लाभदायक भएको अस्पतालका रेडियसन अनकोलिष्ट डा. मुकेश यादवले बताए ।

**पत्रकार...**

सत्ता साझेदार दल नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले सञ्चारकर्मी र वाक् स्वतन्त्रतामाथिको राज्यको प्रहार सह्य नहुने बताएका छन् । 'सञ्चारकर्मी र वाक् स्वतन्त्रतामाथि राज्यको प्रहार सह्य छैन ।'-उनले फेसबूकमा लेखेका छन् । उनले थप भनेका छन्-'अझ सरकार कुशासनको दुश्चक्रमा फसेको आरोप लागिरहँदा सञ्चारमाध्यम र सञ्चारकर्मीप्रति अनुदार हुनु निरंकुशता बाहेक अरु केही हुनै सक्दैन ।'

प्रेस चौतारी नेपालले समाचार हटाउन अदालतले दिएको आदेश र पत्रकार दिलभूषण पाठकमाथि पक्राउ पुर्जीप्रति ध्यानाकर्षण भएको जनाएको छ ।

महासचिव हिरामान लामाले विज्ञप्ति जारी गर्दै प्रकाशित वा प्रसारित सामग्रीप्रतिको असन्तुष्टि वा विवाद निरुपण मूल्यांकन गर्ने संवैधानिक तथा कानूनी अधिकार प्रेस काउन्सिल नेपालमा रहेको उल्लेख गरेका छन् ।

प्रेस सेन्टर नेपालले समाचार हटाउने आदेश दिनु र पत्रकारविरुद्ध पक्राउ पुर्जी जारी गर्नु संविधानमाथिको प्रहार भनेको छ। पत्रकार दिलभूषण पाठकविरुद्ध पक्राउ पुर्जी जारी भएपछि सेन्टरका महासचिव मनोज घर्तीमगरद्वारा जारी विज्ञप्तिमा यसो भनिएको छ।

विज्ञप्तिमा नेपालखबर र बिजमाण्डुमा प्रकाशित समाचार हटाउने आदेश दिइएको र आगामी दिनमा त्यस्ता समाचार नलेख्न भनिएको भन्दै त्यसका प्रति पनि भर्त्सना गरिएको छ ।

'प्रकाशित समाचार हटाउन र थप समाचार नलेख्न जिल्ला अदालत काठमाडौँले दिएको आदेश र प्रहरीले सोही अदालतबाट वरिष्ठ पत्रकार दिलभूषण पाठकलाई पक्राउ गर्न पुर्जी लिनु प्रेस स्वतन्त्रताको गम्भीर उल्लंघन हो, यो प्रेस स्वतन्त्रता, लोकतन्त्र र संविधानमाथिको प्रहार हो ।

नेकपा माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले पत्रकार दिलभूषण पाठकलाई पक्राउ पूर्जी जारी गर्नु निरङ्कुश, असहिष्णु, प्रेस स्वतन्त्रता र लोकतान्त्रिक मूल्य मान्यताविरोधी निन्दनीय कार्य भएको बताएका छन् । उनले पक्राउ पुर्जी तत्काल खारेज गर्न माग गरेका छन् ।

# ५२ संवैधानिक पदाधिकारीविरुद्धको निर्णय असार १८ गते



बुटवल । सर्वोच्च अदालतले ५२ संवैधानिक पदाधिकारीहरू विरुद्धको निर्णय आगामी असार १८ गते सुनाउने भएको छ ।

बुधबार सुनाउने भनेको फैसला आगामी असार १८ गतेका लागि सरेको हो ।

संवैधानिक इजलासमा उपस्थित कानुन व्यवसायीहरूलाई अदालत प्रशासनले निर्णय सुनाउने मिति सरेको जानकारी गराएको हो ।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, न्यायाधीशहरू सपना प्रधान मल्ल, मनोजकुमार शर्मा, डा. कुमार चुडाल र डा. नहकुल सुवेदीको इजलासमा पदाधिकारी विरुद्धको रिटमाथि बहस भएको थियो ।

एमाले र माओवादी केन्द्रको एकीकरणपछि बनेको नेपाल कम्यूनिष्ट पार्टी (नेकपा)भित्र दुई गुटको विवाद बढ्का बेला प्रचण्ड-माधव समूह एकातिर थिए भने अर्को समूहको नेतृत्व केपी शर्मा ओलीले गरेका थिए ।

बढ्दो विवादको असर संवैधानिक परिषद्को बैठकसम्म पुगेको थियो । प्रधानमन्त्री ओलीले नेतृत्व गरेको परिषदमा सभामुख अग्नि सापकोटा, राष्ट्रिय सभाका अध्यक्ष गणेश तिमिल्सिना, विपक्षी दलका नेता शेरबहादुर देउवा र प्रधानन्यायाधीश चोलेन्द्रशम्सेर जबरा थिए । उपसभामुख पद रिक्त थियो ।

परिषद्मा प्रधानमन्त्रीको साथमा राष्ट्रिय सभा अध्यक्ष तिमिल्सिना र प्रधानन्यायाधीश जबरा मात्रै थिए । सभामुख सापकोटा र विपक्षी दलका नेता देउवाले बैठकमा सहयोग गरेका थिएनन् । त्यतिबेला ६ सदस्यीय संवैधानिक परिषदमा पाँच जना उपस्थित नभए गणपुरक संख्या पुग्दैनथ्यो र निर्णय हुन सक्दैनथ्यो । त्यस्तो अवस्थामा सभामुख सापकोटा पनि प्रधानमन्त्रीको विपक्षमा थिए । त्यही पृष्ठभूमीमा प्रधानमन्त्री ओलीले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश जारी गरेर तीन जना पदाधिकारी उपस्थित भएपनि संवैधानिक परिषदको बैठक बस्न सक्ने र बहुमतका आधारमा निर्णय हुनसक्ने भनी अध्यादेश जारी गरे ।

पार्टीभित्र आफूइतरको समूह बलियो भई अल्पमतमा पर्ने र अन्ततः पद नै छाड्नुपर्ने जोखिम देखेपछि प्रधानमन्त्री ओलीले ५ पुस, २०७७ मा प्रतिनिधिसभा विघटन गरेका थिए । त्यसअघि नै ३० मंसिरमा बसेको संवैधानिक परिषद्को बैठकले विभिन्न संवैधानिक निकायमा ३८ जना पदाधिकारीहरू सिफारिस गरेको सूचना सार्वजनिक भयो । तीमध्ये ३२ जना नियुक्त भए ।

प्रतिनिधिसभा विघटन भएकाले संसदीय सुनुवाइ विना नै उनीहरूको नियुक्ति भयो । त्यसपछि ७ जेठ, २०७८ मा फेरि दोस्रोपटक प्रतिनिधिसभा विघटन भयो । त्यसपछि फेरि २० जना संवैधानिक पदाधिकारीहरूको नाम सिफारिस र सुनुवाइ विना नियुक्ति भएको हो ।

त्यतिबेला गरिएको नियुक्ति बदर हुनुपर्ने माग राखी सर्वोच्च अदालतमा १५ वटा रिट निवेदन परेका थिए । अनेक कारणले सुनुवाइ सर्दै आएकोमा गत माघदेखि सर्वोच्च अदालतले नियमित सुनुवाइ गरेर बुधबार निर्णय सुनाउने मिति तोकेको थियो । तर बुधबार निर्णय नसुनाई तीन हप्ता भन्दा धेरै समय पछाडि सार्नुको कारण र अर्थ खुलेको छैन । धेरैले यसलाई स्वभाविक मानेका छैनन् ।

# देवदहमा अन्डर २० फुटबल प्रतियोगिता



देवदह । रुपन्देहीको देदवहमा प्रथम अन्डर २० फुटवल प्रतियोगिता शुरु भएको छ । डि यूनिटी क्लव देवदह-५, को आयोजनामा उक्त प्रतियोगिता शुरु भएको हो । प्रतियोगिताको एक कार्यक्रमका वीच देवदह नगरपालिकाका उपप्रमुख विद्यालक्ष्मी गुरुङ्गले उद्घाटन गरिन् ।

प्रतियोगिताको उद्घाटन गर्दै उपप्रमुख गुरुङ्गले नया खेलाडी उत्पादन गर्नको लागि नगरपालिकाले विभिन्न योजना अगाडि सारेको बताइन् । उनले खेलको माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा देवदहको पहिचान स्थापित गर्न सकिने गरी नगरपालिकाले खेलकुदलाई महत्व दिएको जनाइन् । प्रतियोगिताअन्तर्गत उद्घाटन खेलमा जनज्योति युवा क्लब तिलोत्तमा विजयी भएको छ ।

उद्घाटन खेलमा जनज्योति युवा क्लव तिलोत्तमा र राईजिङ्ग स्टार क्लव नवलपरासी वीच भएको खेलमा निर्धारित समयमा दुर्व टिमले कुनैपनि गोल गर्न नसकेपछि ट्राईवेकरको आधारमा जनज्योति युवा क्लब तिलोत्तमा विजयी भएको हो । ट्राईवेकरमा सून्यका विरुद्ध २ गोल गर्दै जनज्योति क्लब तिलोत्तमा दोश्रो चरणमा प्रवेश गरेको छ । प्रतियोगितामा रुपन्देही, नवलपरासी, पाल्पा, कपिलवस्तु जिल्लाका ३८ टिमको सहभागिता रहेको खेल संयोजक सुजन सिंजालीले जानकारी दिए ।

प्रतियोगिताका विजेता टिमले नगद २० हजार, उपविजेता टिमले नगद १० हजारसहित ट्रफी प्राप्त गर्ने संयोजक सिंजालीले जनाए ।

कार्यक्रमा बोल्दै खेल संयोजक सिंजालीले डि यूनिटी क्लबले राष्ट्रिय स्तरको देवदह गोल्ड कप सञ्चालन गर्न लागिरहेको जानकारी दिए । उनले क्लबले संचालन गर्न लागिरहेको देवदह गोल्ड कपमा स्थानीय तहले सहयोग गर्न आग्रह गरे ।

खेल संयोजक सिंजालीको अध्यक्षतामा भएको कार्यक्रममा नगर प्रवक्ता गणे डुम्रे, क्लवका अध्यक्ष सचिन श्रेष्ठ, सिद्धार्थ कोलनी टोल विकास संस्थाका अध्यक्ष केशरबहादुर पुनलगायतको सहभागिता रहेको थियो । बविता भट्टराईको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



*सडकको दुरावस्थाः*
दाङकौ गंगटे-हापुरे सडक खण्डअन्तर्गत दाङको बबई गाउँपालिका-१ स्थित गंगटेगाउँ नजिकैको सडकमा यात्रुद्वारा सवारीसाधन धकेल्दै। सडक दुरावस्थाका कारण सवारीसाधन ढकेल्नुपर्ने बाध्यता भएको सवारी चालक बताउँछन्। तस्विरः कुलदीप न्यौपाने ररासस

# गुल्मीको बिचित्र गुफा पुग्न बन्यो पुल



**प्रेम सुनार**
*गुल्मी*

बुधबार गुल्मीको छल्दीखोलामा इस्मा गाउँपालिका -५ को अमरपुर र धुर्कोट गाउँपालिका-५ को वस्तु जोड्ने नव निर्मित झोलुङ्गे पुल तर्दै घासको भारि बोक्दै आएका दुई महिलाहरूले अहिलेसम्म नदेखेको बिचित्र लामो पुल भएको बताए । लामो पनि बिचित्रको छ , तल खोला कहाँ हो कहाँ, कति डर लाग्दो अग्लो छ । सुरु सुरुमा पुल तर्न डर लाग्थ्यो अहिले त बानी पर्यो, काम नपर्दा पनि वारिपारि गरिरहन रहर लाग्छ, उनीहरु भन्दै थिए ।

उनीहरुले पुल नबन्नुअघिसम्म पारि वस्तुतिरको खेतबारीबाट आउँदा झण्डै एक घण्टा समय लाग्ने र अहिले पाँच मिनेट मै वारपार गर्न सकिने सुनाए । । पारि अर्थात् धुर्कोट गाउँपालिका -५ को बस्तु गाउँ। वारि उप्त पुल निर्माण भएपछि दाउरा, घाँस गर्न आवतजावत गर्ने महिलाहरुलाई मात्रै होइन, विशेष गरी पारि इस्माबाट पारि वस्तुको हिमालय माविमा पढ्न आउने आउने विद्यार्थीहरुलाई झण्डै डेढ घन्टाको बाटो आधा छोट्टिएको छ ।

त्यस्तै वस्तुमा रहेको पर्यटकीयस्थल विचित्र गुफाको यात्रालाका लागि निकै सहज बनेको छ । तम्घास सिमलटारि मदन भण्डारी राजमार्ग सङ्ग जोडिएको उप्त पुलले निर्माण भएपछि विचित्र गुफामा आन्तरिक पर्यटक बढ्ने, कृषक र विद्यार्थीहरु आवातजावतमा निकै सुविधा भएको भन्दै उप्त पुलको योजना पार्ने गुल्मी क्षेत्र नम्बर २ का प्रतिनिधि सभा सदस्य गोकर्ण विष्ट प्रति धुर्कोट - का वडाध्यक्ष केशवराज भण्डारीले आभार प्रकट गरे ।

नेकपा एमालेका केन्द्रीय सचिवसमेत रहेका विष्ट मन्त्री हुँदा त्योसहित आफ्नो निर्वाचन क्षेत्रमा २७ वडा एकदेखि अर्को डाँडा जोड्ने निकै लामा झोलुङ्गे पुलका योजनाहरु पारेका थिए ।

। इस्मा - धुर्कोट जोड्ने उप्त पुल ३७० मिटर लामो रहेको छ । यो पुलको नेता विष्टले बुधबार एक समारोहका बिच उद्घाटन गरेका छन् । पुलको उद्घाटन गर्दै विष्टले पहाडमा गाउँ-गाउँ पनि भुगोलका कारण टाढा हुने भएकाले झोलुङ्गे पुलमो महत्व अझैं बढेको बताए ।

क्षेत्र नं. २ मा २०७४ सालमा २७ झोलुङ्गे पुलका योजना समावेश गरेकाले अधिकांश निर्माण सम्पन्न भएको भन्दै विष्टले सन्तोष व्यक्त गरे ।

उनेले सडक, खानेपानी, पुल, सिँचाइलगायतका पूर्वाधारमा थुप्रै बजेट बिनियोजन गरेकाले क्रमिक रुपमा समृद्धिको यात्रा सुरु भएको बताए ।

स्थानीय समाजसेवी बोमलाल भण्डारीका अनुसार मदन भण्डारी राजमार्गबाट ५ मिनेटमा पुल तरेपछि १० मिनेटमा बिचित्र गुफा पुग्न सकिने भएको छ। पुल नहुँदा खोला तर्ने बाध्यतामा रहेका स्थानीय र हिमालय मावि पुग्ने विद्यार्थीहरुलाई समेत राहत महसुस भएको हो।

लामो तथा अग्लो स्थानमा निर्माण गरिएको झोलुङ्गे पुलका कारण दैनिक घुम्न, हावा खान र फोटो खिचाउन आउनेहरुको घुइँचो लाग्ने गरेकोले ति पुलहरुको दुबै मुखमा स-साना होटल पसल समेत चल्ने जनप्रतिनिधिहरु बताउँछन् ।

धुर्कोट गाउँपालिका अध्यक्ष भूपाल पोखेलले तिनै तहका सरकारको समन्वयमा विकासका धेरै काम अगाडि बढिरहेको बताए । उनले विष्टको निर्वाचन क्षेत्रमध्ये सबै भन्दा बढी पर्यटक भित्रिने थलो बिचित्र गुफा रहेको बताउँदै बाह्य पर्यटकको समेत घुइँचो हुने बिचित्र गुफामा झोलुङ्गे पुल बनेपछि अझैं सडकको आवश्यकता रहेको बताए। पोखेलका अनुसार सस्पेन्सन ब्रिज डिभिजन ललितपुर मार्फत झोलुङ्गे पुल एक करोड ८४ लाखको लागतमा निलगिरी निर्माण सेवा प्रालिले निर्माण गरेको हो। पुलको ७९९ जना मान्छे अटाउने भारबहन क्षमता रहेको छ।

धुर्कोट गाउँपालिका-५ वस्तुको यो गुफा पत्ता लागेका तीन दशक बढि भए। तर, संरक्षण र उचित विकास समयमै हुन सकेन्। शान्ति प्रक्रियापछि गुफा संरक्षणका केही काम भएका छन्।

सदरमुकाम तम्घासबाट ४५ मिनेटमा बिचित्र गुफा पुगिन्छ । मदन भण्डारी राजमार्गअन्तरगत तम्घास-सिमलटारी सडकखण्डबाट गुफा पुग्न १५ मिनेट लाग्छ। अझैं पनि गुफाका पुग्ने सडक राम्रो बन्न सकेको छैन । भने व्यवस्थित पार्किङ्ग स्थल छैन्।

अहिलेसम्म गुफाको खास अनुसन्धान पनि भएको छैन । प्राकृति रुपमा बनेको धार्मिक कला आकृतिसहितको गुफा नेपालकै ठुलो हुन सक्ने स्थानीयवासी दाबी गर्छन् । गुफाका धेरै विशेषता लुकेरै बसेका छन् । अहिलेसम्म दुई तलासम्म पुग्ने र अवलोकन गरिएका छन् । तर, अध्ययन गर्न सके गुफाका अरु तलाहरु प्नि अझैं आकर्षक हुन सक्ने धुर्कोट गाउँपालिका-५ का वडाध्यक्ष केशब भण्डारीले बताए । गुफाभित्र फेला परेका संरचनाहरुलाई स्थानीयले सभाहल, रामजानकी आश्रम, शिबालय, स्वर्गजाने बाटोलगायतका नामाकरण गरेका छन्।

# भैरहवाका आठ क्लिनिक र दुई ल्याब बन्द



भैरहवा। जिल्लास्तरीय संयुक्त अनुगमन समितिले रुपन्देहीको भैरहवामा दर्ताबिनै सञ्चालित १० वटा व्यवसायिक स्वास्थ्य संस्था बन्द गरेको छ। बुधबार अनुगमनका क्रममा मापदण्ड पूरा नगरेको र दर्ताबिनै संचालनमा रहेको पाइएपछि ती व्यवसायिक स्वास्थ्य संस्था बन्द गरिएको जिल्ला अनुगमन समितिका संयोजक एवं रुपन्देहीका सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जिवी रानाले जानकारी दिए।

अनुगमन समितिले ८ वटा क्लिनिक र २ वटा ल्याब बन्द गरेको हो। १४ वटा निजी स्वास्थ्य संस्थामा अनुगमन गरिएकोमा १० वटा बन्द गरिएको रानाले बताए। 'दर्ताबिनै गैरकानुनी रुपमा स्वास्थ्य संस्था सञ्चालनमा रहेको भन्दै प्रशासनमा उजुरी आएको थियो', उनले भने-'यसलाई आधार मानेर अनुगमन गर्दा अधिकांश गैरकानूनी रुपमा संचालिन रहेको पाइएको छ। कतिपय क्लिनिकले विरामी भर्ना गरेरै उपचार गरिरहेको पनि पाइयो, त्यस्तालाई तत्कालका लागि बन्द गरेका छौं।'

रानाले दर्ता गरी मापदण्ड पूरा गरेर सञ्चालन गर्न निर्देशन समेत दिइएको जनाए। अनुगमन समितिले बन्द गरेका अधिकांश क्लिनिक फार्मेसीसँगै सञ्चालित थिए। फार्मेसी सञ्चालनको अनुमती लिए पनि क्लिनिक सञ्चालनको अनुमती नलिएको पाइएपछि बन्द गरिएको हो।

बन्द गरिएका क्लिनिकहरुमा सिद्धार्थनगरमा सञ्चालित शिवम् क्लिनिक प्रालि, महादेजस फार्मेसीमा संचालित क्लिनिक, होमटाउन फार्मेसीमा संचालित क्लिनिक, श्रीनगर अप्टिकल सेन्टरमा सञ्चालित क्लिनिक, नेपाल चम्सा पसलमा सञ्चालित क्लिनिक छन्। यस्तै, जीविका मेडिकल प्रालिमा सञ्चालित क्लिनिक, श्रद्धा क्लिनिक र रोशिष प्याथोलोजी एण्ड क्लिनिक छन्। यस्तै, लुम्बिनी प्थालोजी र न्यू ओम प्याथोलोजी ल्याब पनि बन्द गरिएको छ। बन्द गरिएका क्लिनिक र ल्याबहरु सिद्धार्थनगर १२, १३ र वडा ७ का हुन्। यीमध्ये दर्ता नभएका र मापदण्ड नपुगेका अधिकांश भैरहवास्थित जिल्ला अस्पताल भीम अस्पताल आसपासका छन्।

अनुगमनका क्रममा यी स्वास्थ्य संस्थामा मध्ये केहीले स्वास्थ्य कार्यालय, रुपन्देही र केहीले सिद्धार्थनगर नगरपालिकाबाट अनुमती नै नलिइ सञ्चालनमा रहेको पाइएको स्वास्थ्य कार्यालय, रुपन्देहीका निमित्त प्रमुख चिन्तामणि ज्ञवालीले बताए।

यी संस्थालाई तत्काल दर्ता प्रक्रियामा जान निर्देशन दिइएको उनले जनाए। सञ्चालन अनुमती नलिँदासम्म यी क्लिनिक र ल्याब सञ्चालनमा रोक लगाइएको अनुगमन समितिले जनाएको छ। जिल्ला प्रशासन कार्यालयको अगुवाइमा भएको अनुगमनमा, सिद्धार्थनगर नगरपालिका, स्वास्थ्य कार्यालय, जिल्ला प्रहरी, सिद्धार्थ उद्योग वाणिज्य संघ, भीम अस्पतालका चिकित्सक, उपभोक्ताहीत संरक्षण मंच, औषधि व्यवसायी संघलगायतका प्रमुख तथा प्रतिनिधि सहभागी थिए।

अनुगमन समितिले यही आइतबार मात्रै दर्ताबिनै सञ्चालित बुटवलका ६ वटा क्लिनिक समेत बन्द गरेको थियो। पाइलैपिच्छे क्लिनिक खोल्ने तर दर्ता र मापदण्ड पूरा नगरी सञ्चालन गर्ने परिपाटी बढीरहेको छ। नियमित र उजुरीका आधारमा अनुगमन गरी त्यस्ता संस्थाहरुलाई कानुनी दायरामा ल्याइने रानाले बताए।

# मल नपाएपछि पश्चिम नवलपरासीका किसान चिन्तामा




नवलपरासी । पश्चिम नवलपरासीका किसानले आवश्कताअनुसार मल खरिद गर्न नपाएपछि चिन्तामा परेका छन् । रोपाइँ गर्ने समयमा आवश्यकताअनुसार मल नपाउँदा खेतीपाती राम्रो नहुने भन्दै उनीहरू चिन्तामा परेका हुन् ।

पाल्हीनन्दन गाउँपालिका-४ का ज्ञानेश्वर सहानीले समयमा मल नपाउँदा उत्पादन वृद्धि नहुने भन्दै चिन्ता व्यक्त गरे । उनले हरेक वर्ष यस क्षेत्रका किसानले मलको समस्या झेल्दै आएको सुनाउँदै सरकारी निकायले आफूहरूको समस्यामा ध्यान नदिएको गुनासो गरे ।

“मलको समस्या सधैँ बल्झिरहन्छ, मल नपाउँदा भारतबाट महँगोमा मल किनेर ल्याइन्छ। त्यो पनि प्रहरीहरूको गाली खानुपर्छ त कहिले कुटाइ खानुपर्छ।”- जनत्री यादवले भनिन् । रासायनिक मलको अभाव भएपछि खेती कसरी गर्ने भन्ने चिन्ता बढेको उनले बताइन् ।

“धान रोपाइँ सुरु भइसकेको छ । खेती सुरु गर्नुभन्दा पहिले मलखादको जोहो गर्नुपर्ने हो । अहिले आवश्यकता बमोजिम मल पाउन सकिएको छैन,” यादवले भनिन्-“पश्चिम नवलपरासीमा आवश्यकताअनुसार रासायनिक मल मौज्दात नहुँदा समस्या सिर्जना भएको हो।” उनका अनुसार खरिद बिक्री ऐन प्रक्रिया लामो रहेको र खेती गर्ने समय आइसकेकाले समस्या हुने देखिएको कृषि सामग्री कम्पनी परासीले जनाएको छ। कम्पनीसँग भएको मल सहकारीले समयमा नलगेपछि किसान समयमा खरिद गर्न पाएका छैनन् ।

जिल्लामा ८० वटा सहकारी छन् । जसमा ७३ वटा सहाकारीले कृषि सामग्री कम्पनीबाट मल लगेर किसानलाई वितरण गरिसकेको छ। रामग्राम नगरपालिका र पाल्हीनन्दन गाउँपालिकाभित्र रहेका सात वटा सहकारीलेसमयमा मल नलगेको र अहिले १९० मेट्रिकटन डिएपी र १२४ दशमलव ३ मेट्रिकटन युरिया मल कम्पनीको गोदाममा मौज्दात रहेको कृषि सामग्री कम्पनीका कार्यालय परासीका प्रमुख ताराप्रसाद खनालले बताए । जेठका लागि ४२९ मेट्रिकटन युरिया र ३५८ मेट्रिकटन डिएपी मात्र नवलपरासीको कोटा परेको थियो।

“परासीमा २० हजार ४८० हेक्टर क्षेत्रफलमा किसानले बर्खे धान रोपाइँ गरिरहेका छन्,” प्रमुख खनालले भने-“ यस वर्षका लागि १८ हजार मेट्रिकटन युरिया र १२ हजार मेट्रिकटन डीएपी थप आवश्यकता छ।”

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही

विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद विक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com